**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**<u>फैसला</u>**

२०७७/०७८ सालको निर्णय नं.२९

पुनरावेदन नं. : ०७५-RB-०३५३

पुनरावेदन दर्ता मिति २०७६।०२।१०

जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १५ कौशलटार स्थित क्षमादेवी आल्मुनियम प्रोफाईल प्रा.लि को अख्तियारी प्राप्त संचालक निरन्जनकृष्ण श्रेष्ठ ................................१ **<u>पुनरावेदक</u>**

**<u>विरूद्ध</u>**

श्री मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं ...................................... १

सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सिया, पर्सा ...................................................१ **<u>प्रत्यर्थी</u>**

<u>मुद्दाः बढी भन्सार मूल्यांकन (M६३०९)</u>

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

शुरु निर्णय गर्ने कार्यालयः सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सिया, पर्सा

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री सूर्य प्रसाद सेडाई

शुरु निर्णय मितिः २०७४/१२/२१

**मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं।

निर्णय गर्ने पदाधिकारीः अध्यक्ष श्री निर्मलहरि अधिकारी

निर्णय मितिः २०७६/०१/०८

मुल्याङ्कन पुनरावलोकन समिति त्रिपेरेश्वर, काठमाडौंबाट भएको मिति २०७६।०१।०८ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व

न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

## संक्षिप्त तथ्य

१. पैठारीकर्ता श्री Kshamadevi Aluminium Profiles (Pvt.) Ltd. (PAN 601887534) ले CHINA बाट तारख ३१/०१/२०१८ मा बिजक संख्या 17KSH-XFY21 बाट पैठारी गरी ल्याएको मालवस्तुको मूल्य निर्धारणका लागि मिति २०७४/१२/२१ मा सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सिया, पर्सामा निवेदन पेश गरेको।

२. उक्त प्रा.लि.ले घोषणा गरेको मूल्य नै वास्तबिक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात, प्रमाण वा कुनै सूचनाहरु छन् भने यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र पेश गर्नुहुन भनी च.नं. १८०८ मिति २०७४/१२/२१ मा पत्राचार गरिएकोमा मिति २०७४/१२/२२ मा थप कागजात तथा प्रमाण पेश भएको।

३. बिजकमा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD ९ प्रतिवर्ग मिटर कायम गरी बिजकको मूल्य CRF USD ३८३५४.५१ मा बृद्धि भएको मूल्य CRF USD ३६७३४.५१ जोडी जम्मा बिजकको मूल्य CRF USD ७५०८९.०२ मा भाडा रु. १,४३,०००/- र अन्य खर्च ३०,०००/- समाबेश गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम कारोबार मूल्य कायम गर्ने गरी सुख्खा बन्दरगाह भंसार कार्यालय, सिर्सियाबाट मिति २०७४/१२/२१ मा निर्णय भएको।

४. प्राप्त कागजातहरु अध्ययन गर्दा पैठारी कर्ता क्षमादेवी आल्मुनियमल प्रोफाइल प्रा.लि., भक्तपुरले भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य कायम हुन नसकेको, ततपश्चात प्रमाण र सूचनाहरुको आधारमा सोही ऐनको दफा १३ का उपदफाहरु ८, ९, १०, ११ र १२ क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्ने सिलसिलामा यस्तै प्रकृतिको मालबस्तु भन्सार कार्यालयबाट जाँचपास गर्दा कायम भएको कारोबार मूल्य आसिकुडा डाटावेश, इन्टरनेटबाट प्राप्त मूल्य सुची, मालवस्तुको प्रकृति तथा गुणस्तर समेतको आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम मूल्य कायम गर्नुपर्ने देखिएको भनी भन्सार कार्यालयले क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि, भक्तपुरले मिति २०७४/१२/२१ मा घोषणा गरेको मूल्यमा बृद्धि गरी कारोबार मूल्य कायम गरेको देखिन्छ। ता. १६.०५.२०१८ मा प्र.न.नं. M३८२ तथा ता. २८.०५.२०१८ मा प्र.द.नं. M१६८२ बाट अमेरिकी डलर ९ प्रतिवर्ग मिटरमा, पैठारी हुन आएको आसिकुडा डाटावेशबाट देखिएको अवस्था समेतबाट सुक्खा वन्दरगाह भन्सार कार्यालयको निर्णय नमिलेको नदेखिएको र फाइलमा संलग्ग तथा पैठारीकर्ताको तर्फबाट पेश हुन आएको

इन्टनेटको मूल्य सूचीबाट समेत उक्त सामानको मूल्य फरक-फरक देखिएको अवस्थामा पैठारीकर्ताबाट पेश हुन आएका बिल, बिजक तथा थप कागजातहरुबाट मात्र घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। तसर्थ आसिकुडा डाटाबेश, इन्टरनेटमा उपलब्ध मूल्य सूची हाल पैठारी हुन आएको अभिलेख मूल्य समेतबाट निर्णयमा पुग्नु पर्ने देखियो। पैठारी मालवस्तुको प्रकृति, गुणस्तर, मालवस्तुको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय बजार मूल्य समेतको विश्लेषणबाट सुक्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम कायम रहेको प्रति वर्ग मिटर USD ९।०० मूल्य आसिकुडा डाटावेश, हाल पैठारी हुन आएको अभिलेख तथा इन्टरनेटमा उपलब्ध मूल्य सूचीसँग नमिलेको नदेखिएकोले भन्सार ऐन, नियमावली तथा मूल्यांकन निर्देशिका वमोजिम सदर हुने ठहर्छ भनी मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६/०१/०८ मा निर्णय भएको।

५. पुनरावेदक पैठारीकर्ताले FOSHAN QUANTONG IMP & EXPORT Co. Ltd. CHINA बाट USD ०.३.३०/Sq $M^2$ का दरले ८१६३.२३ $M^2$, UPVC ROOFING SHEET, (Invoice No. 17KSH-XFY21, LC No. CCBLLCUSD2837475) पैठारी गरेको हुँ। जसको कुल मूल्य USD ३८,३५४.५१ हुन आउँछ। उक्त UPVC ROOFING SHEET को मूल्य मैले पेश गरेको Performa Invoice Commercial Invoice तथा बैंकको प्रतित पत्र (LC) समेतका कागजातले स्पष्ट छ। सोही रकम भंसार ऐन २०६४ को दफा १३ को उपदफा ३ को प्रयोजनको लागि कारोबार मूल्य घोषणा गरेको छु। माथि उल्लेख गरे बमोजिमको कागजात पेश गरी कारोबार मूल्य घोषणा गरेको अवस्थामा सो कारोबार मूल्यलाई मान्यता दिनु नपर्ने कारण के हो, प्रत्यर्थीहरुको निर्णयमा खुल्दैन। यस्तो स्पष्ट आधार र प्रमाणको विश्लेषण एवं विवेचना नभएको निर्णय त्रुटिपूर्ण छ। भंसार ऐन, २०६४ को दफा १३(९) मा उल्लेखित कानूनी व्यवस्था पुनरावेदकको हकमा लागु हुन सक्ने पनि होइन, किनकी पैठारी भएको सामानको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र समेतका कागजातहरु मैले पेश गरेकै छु। सोमा शंका गर्नु पर्ने कुनै आधार र कारण छैन। सो सामान कुनै अमुक व्यापारीले USD ९प्रतिवर्ग मिटर का दरले पैठारी गरेको भन्दैमा मलाई पनि सोही दर लागु गर्नु न्यायोचित हुँदैन/छैन। त्यसमा पनि निर्णयमा उल्लेखित आशिकुडा अभिलेखका ता. १६.०५.२०१८ मा प्र.न.नं. M३८२ तथा ता. २८.०५.२०१८ मा प्र.द.नं. M१६८२ का बिजक तथा प्रज्ञापन पत्र देखाई सुनाई भनाई राख्ने मौका समेत प्रदान गरिएको छैन। इन्टरनेटमा देखाईएको मूल्य सुची फरक-फरक परेको भन्ने आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई मान्यता दिन नसकिने भन्न मिल्दैन। यसरी हचुवाका भरमा एकपक्षिय रुपमा कारोबार मूल्य बृद्धि गरी भंसार असुल गर्ने गरी गरेको प्रत्यर्थीहरुको निर्णय त्रुटिपूर्ण भई बदरभागी छ। प्रत्यर्थी मुल्याङ्कन पुनरावलोकन समितिले निर्णय गर्दा भंसार ऐन, २०६४ को दफा ६१(५) बमोजिम स्पष्ट कारण र आधार खुलाउनु पर्नेमा त्यस्तो आधार र कारण खुलाउन नसकेको निर्णय अन्तर्राष्ट्रिय व्यापारका नियम

तथा रीति समेत विपरीत भएको हुँदा त्रुटिपूर्ण भई बदरभागी छ। पुनरावेदकले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिई सोमा बृद्धि गरी पुनरावेदकबाट भंसार महसुल, अतिरिक्त महशुल तथा मु.अ.कर समेत गरी जम्मा रु. १४,७५,६१४/- थप असुल गर्ने गरी भएको विपक्षी कार्यालयको निर्णय त्रुटीपूर्ण भई बदरभागी हुँदा बदर गरी पाऊँ भन्नेसमेत बेहोराको पुनरावेदकका तर्फबाट यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

६. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२४ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले आल्मुनियम प्रोफाइल झ्याल ढोकामा लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरिकन फरक मूल्य कायम गरी भन्सार कार्यालयबाट भएको निर्णय बदरभागी छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

८. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म निर्यात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान भएको पाईन्छ। Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गरेको हुन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ। Asycuda प्रणालीबाट नै विजक मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने समेत व्यहोरको बहस प्रस्तुत गर्नुभयो ।

९. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसारहुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि. ले प्रज्ञापन पत्र नं. M६३०९ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति वर्गमिटर यु.एस.डलर ४.५ रहेको भनि पेश भएको विजक, Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना अनुसारको मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएको भनि उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा ९ बमोजिम अमेरिकी डलर ९ प्रतिवर्ग मिटर मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो।

११. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भंसार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M६३०९ मार्फत आल्मुनियम मालबस्तु पैठारी गरेको देखिन्छ। उक्त मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले भंसार ऐन,२०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालवस्तुको मूल्य निर्धारण गर्न पेश गरेको विजक मूल्य Asycuda Database, लगायत अन्य प्रणालीहरुबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएको भनि सोही दफाको उपदफा (६) बमोजिम उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग गरेकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिएन।

१२. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम मालबस्तुको कारोबार मूल्यको निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD ९प्रतिवर्ग मिटर मा आयात भएको देखिएको भनि भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD ९।- प्रतिवर्ग मिटरलाई अन्यथा भन्न सकिने आधार प्रमाण देखिएन।

१३. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी आल्मुनियम प्रोफाईल प्रा.लि ले प्र.द.नं.M६३०९ बाट पैठारी गरेको Anodized Alumunium Profile को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।०८ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु.......................................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...........................................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतःसनिता लामा

टिपोट गर्ने डिठ्ठाः मनोज फुयाँल

इति सम्वत् २०७७ साल पुष महिना २७ गते रोज २ शुभम् ..................................................